धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १२६ ◆ २०८३ मंसिर ५ शनिवार ◆ Saturday, November 21, 2026 ◆ ने सं ११४७ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

भक्तपुर अस्पतालको सेवा खस्किदै गएकामा चिन्ता

❑ *प्रत्यूष समाचारदाता*

भक्तपुर । वागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले स्वास्थ्य सेवा प्रवाहमा तीन वर्षसम्म देशभरकै सर्वोत्कृष्ठ हुन सफल भक्तपुर अस्पतालको सेवा खस्किदै गएकामा प्रति चिन्ता व्यक्त गर्नु भएको छ ।

शुक्रबार (हिजो) भक्तपुर अस्पतालले आयोजना गरेको स्मारिका विमोचन एवं सम्मान कार्यक्रममा उहाँले भक्तपुर अस्पतालले फेरी पनि सरकारको मूल्याङ्कनमा सेवा प्रवाहमा पहिलो हुने गरी काम गर्न निर्देशन दिनुभयो । कार्यक्रममा वागमती प्रदेशका स्वास्थ्य सचिव सुमित्रा डा गौतमले रिफरल सेन्टरको रूपमा पुगेको अस्पताललाई कोरोना महामारीदेखि अघिल्लो वर्षसम्म देशकै उत्कृष्ठ अस्पताल बनाउन सफल भएपछि यसवर्ष तेश्रो भएपछि निकै दुःख लागेको बताउनुभयो । कार्यक्रममा वागमती प्रदेश सभा सदस्य सुरेश श्रेष्ठले अस्पतालमा आएका विरामीले विगतमा जस्तै सेवा पाउन अस्पताल प्रशासनले कुनै कसर बाँकी राख्न नहुने बताउनुभयो ।

अस्पतालका मेडिकल डाइरेक्टर डा भित्रुवन चन्द्र झाले अस्पतालले गर्दै आएको सेवा र प्रयासकावारेमा जानकारी गराउनु भएको थियो । अस्पताल व्यवस्थापन तथा सञ्चालन समितिका अध्यक्ष ज्ञानीराम श्रेष्ठले मुख्यमन्त्री थापालाई अस्पतालको तर्फबाट सम्मान गर्नुभयो ।

नेपाल भारत नीति विमर्श

काठमाडौं । नेपाल र भारतबीचको सम्बन्ध विशिष्ट रहेको बताइएको छ।

नीति अनुसन्धान प्रतिष्ठान (नेनाप)ले शुक्रबार देखि आयोजना गरेको तीन दिने नेपाल भारत नीति विमर्श कार्यक्रमको उद्घाटन समारोह लाई सम्बोधन गर्नुहुँदै प्रतिनिधिसभा, अन्तरराष्ट्रिय सम्बन्ध तथा पर्यटन समिति सभापति सुम्निमा उदासले सो कुरामा जोड दिनभएको हो ।

दुई देशबीचको सम्बन्ध शताब्दीयौंको साझा इतिहास र सांस्कृतिक अनुभवले स्वत: निर्माण गरेको गहिरो भावनात्मक भएको उहाँले बताउनुभयो ।

राष्ट्रिय योजना आयोगका सदस्य डा देवेन्द्र गौचनले नेपालले आफ्ना विकास लक्ष्य हासिल गर्ने क्रममा भारतले प्राप्त गरेका अनुभव, अपनाएका नीति तथा विकासका सफल अभ्यासबाट महत्वपूर्ण शिक्षा लिन सक्ने भनाइ राख्नुभयो। केन्द्रीय संस्कृत विश्वविद्यालय, भारतका कुलपति प्रा श्रीनिवास वरखेडीले नेपाल र भारतबीचको सम्बन्ध केवल प्राचीन मात्र नभई सनातन अर्थात् शाश्वत रहेको बताउनुभयो। दुवै राष्ट्र यस अविच्छिन्न सांस्कृतिक र सभ्यतागत परम्पराका उत्तराधिकारी रहेको उहाँको भनाइ थियो ।

प्रतिष्ठानका अध्यक्ष सह प्राडा प्रेमराज न्यौपानेले नेपाल र भारतबीच विद्यमान लामो मित्रता, आत्मीयता र सद्भावलाई कसरी ठोस तथा अर्थपूर्ण उपलब्धिमा रूपान्तरण गर्न सकिन्छ भन्नेमा जोड दिनकै लागि सम्मेलन आयोजना गरिएको बताउनुभयो । प्रतिष्ठानका निर्देशक डा दीपककुमार अधिकारीले साझा सांस्कृतिक तथा सभ्यतागत विरासत मा दुवै देश आधारित रहेको बताउनुभयो ।

एसिया कप राइजिङ स्टार्स प्रतियोगिता : नेपाल भारत ए सँग पराजित

काठमाडौं। एसिया कप राइजिङ स्टार्स प्रतियोगिता अन्तर्गत शुक्रबार भएको खेलमा नेपाल भारत 'ए'सँग लज्जास्पद हार बेहोर्न पुगेको छ ।

कतारको दोहास्थित वेस्ट इन्ड पार्क इन्टरनेसनल क्रिकेट स्टेडियममा भएको खेलमा नेपाल ३०६ रनको फराकिलो अन्तरले पराजित भएको हो ।

तीन सय ३३ रनको विशाल लक्ष्य पछ्याएको नेपाल ११ दशमलव ३ ओभरमै मात्र २६ रनमा अलआउट भयो ।

नेपालका कुनै पनि ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । पवन सर्राफ र राशिद खानले सर्वाधिक ६-६ रन बनाए । प्रातिस जीसीले ४ रन, नन्दन यादव र ललित राजवंशीले समान २ रन तथा दीपक डुम्रेले १ रन बनाए ।

नेपालका कप्तान कुशल भुर्तेल, अर्जुन कुमाल, बासिर अहमद, लोकेश बम र सन्दीप लामिछाने शून्य मै आउट भए ।

भारत 'ए'का बलर प्रिन्स यादवले घातक बलिङ गर्दै ५ विकेट लिए । उनले ५ ओभरमा ६ रन मात्र खर्चिए । हर्षित राणाले ४ विकेट लिए भने शाहबाज अहमदले १ विकेट हात पारे । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको भारत 'ए'ले निर्धारित ५० ओभरमा ९ विकेट गुमाउँदै ३३२ रनको योगफल बनाएको थियो ।

छ स्थानमा खानेपानीका ओभरहेड ट्याङ्की निर्माण गरिँदै

❑ *प्रत्यूष समाचारदाता*

चितवन । भरतपुर महानगर पालिकाका छ स्थानमा खानेपानीको ओभरहेड ट्याङ्की निर्माण गरिने भएको छ । खानेपानी व्यवस्थापन बोर्डले ट्याङ्की निर्माणका लागि बोलपत्र आह्वान गरी काम अघि बढाएको हो ।

खानेपानीको सहज आपूर्ति, वितरण प्रणालीको सुधार तथा सेवा विस्तारका लागि विभिन्न ठूला आयोजना अघि बढाइएको हो । बोर्डले भरतपुरका विभिन्न स्थानमा ओभरहेड ट्याङ्की, पाइप लाइन विस्तार, फिल्टर प्लान्ट तथा अन्य पूर्वाधार निर्माणका कामलाई तीव्रता दिएको हो ।

भरतपुर बृहत् खानेपानी आयोजना अन्तर्गत पाँचवटा ओभरहेड ट्याङ्की र एउटा कार्यालय भवन निर्माण गर्ने योजना छ । बोर्डका प्रमुख सञ्जय बरालका अनुसार पाइप लाइन विस्तार तथा फिल्टर प्लान्ट निर्माण पनि अघि बढाइएको छ । भरतपुर महानगर पालिका-११ को लामा टोल, केन्द्रीय बस टर्मिनल, भरतपुर-७ को नगर प्लटिङ, भरतपुर १५ को शिवघाट र भरतपुर १६ को सानोगढीलगायत क्षेत्रमा खानेपानी पूर्वाधार निर्माण तथा विस्तार गरिने प्रमुख बरालले जानकारी दिनुभयो । त्यस्तै, जुगेडी-रामनगर सहलगानी खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत जुगेडीबाट रामनगर हुँदै भरतपुर सम्म पाइप लाइन विस्तार गरिने उहाँले जानकारी दिनुभयो । जुगेडी मुहानमा फिल्टरेसन प्लान्ट तथा गार्ड हाउस निर्माण र रामनगरमा ओभरहेड ट्याङ्कीलगायत ठूला पूर्वाधार निर्माण गर्ने योजना छ ।

बोर्ड र नेपाल सरकारको पूर्वाधार विकास मन्त्रालयको लगानीमा सञ्चालन हुने यस आयोजनाले खानेपानी आपूर्तिलाई थप व्यवस्थित बनाउने अपेक्षा गरिएको उहाँले बताउनुभयो । मन्त्रालय र बोर्डको सहलगानीमा झन्डै रु ६० करोडको लागतमा ती योजना अघि बढाइएको हो ।

खानेपानी वितरणका क्रममा पाइपमा चाप बढाउने र वितरण प्रणालीलाई प्रभावकारी बनाउने उद्देश्यले बोर्डले स्तरोन्नति का कामसमेत गरिरहेको प्रमुख बरालको भनाइ छ । हाल बोर्डका ४५ हजारभन्दा बढी ग्राहक छन् । दैनिक करिब चार करोड ८० हजार लिटर पानी प्रशोधन गरेकामा उपभोग भने दुई करोड ९२ लाख लिटर भइरहेको उहाँले जानकारी दिनुभयो ।

पानी चुहावटको दर २७ प्रतिशत रहेको उहाँले जानकारी दिनुभयो । अघिल्लो वर्ष चुहावट २८ प्रतिशत थियो । पुराना प्लान्ट तथा मेसिनरी उपकरण र विकास निर्माणका क्रममा पाइप फुट्ने समस्याका कारण पानी चुहावट हुने गरेको प्रमुख बरालको भनाइ छ । चुहावट न्यूनीकरण र सेवा सुधारलाई प्राथमिकतामा राखेर काम भइरहेको उहाँले बताउनुभयो ।

बोर्डले आफ्नै लगानीमा विभिन्न स्थानमा खानेपानीका पूर्वाधार निर्माण तथा विस्तार गरिरहेको छ। क्षेत्रपुरमा डिपबोरिङ र पम्पहाउस निर्माण गरिएको छ भने आँपटारीस्थित सशस्त्र प्रहरी क्याम्पभित्र डिपबोरिङ निर्माण गरिएको छ । सानोगढी खानेपानी उपभोक्ता समितिलाई बोर्डमा हस्तान्तरण गरी २२ किलोमिटर पाइप लाइन विस्तार गरिएको छ । त्यस्तै, देवनगरमा १७ दशमलव पाँच किमी र सानोगढी क्षेत्रमा २० दशमलव पाँच किमी पाइप लाइन विस्तार गरिएको उहाँले जानकारी दिनुभयो । कार्यालयमा नयाँ प्रयोगशाला (ल्याब) निर्माण गरिएको छ भने मङ्गलपुरमा सेवा विस्तारका लागि नयाँ काउन्टरसहित शाखा कार्यालय भवन निर्माण प्रक्रिया अघि बढाइएको छ । गीतानगरमा जग्गा व्यवस्थापन गरी डिपट्युबवेल र पम्पहाउस निर्माण गर्ने योजना छ । फूलबारीमा नयाँ डिपबोरिङ निर्माण तथा शिवघाटमा गार्ड हाउस, कम्पाउण्ड र पाइप लाइन विस्तार का काम भइरहेका छन् ।

धनकुटामा खानेपानी प्रशोधन प्रणाली सञ्चालनको तयारी

❑ *प्रत्यूष समाचारदाता*

धनकुटा । वर्षायाममा खोलाको पानी धमिलो भएर धारामा आउने समस्याबाट धनकुटा बजारवासीले अब राहत पाउने भएका छन् । खानेपानी शुद्धीकरणका लागि धनकुटा बजारको स्कुलडाँडा र सल्लेरीमा निर्माण भइरहेका दुई ठूला प्रशोधन प्रणाली (ट्रिटमेन्ट प्लान्ट) सञ्चालनको तयारी अन्तिम चरणमा पुगेको छ ।

सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन कार्यालयले निर्माण गरिरहेका दुवै प्रशोधन प्रणाली सञ्चालनमा आएपछि वर्षायाममा धमिलो पानी आउने समस्यामा कमी आउने र उपभोक्ताले प्रशोधित खानेपानी पाउने कार्यालयले जनाएको छ ।

कुल रु एक करोड २० लाखको लागतमा निर्माण भइरहेका यी दुई प्रशोधन प्रणालीबाट प्रतिसेकेन्ड २० लिटर पानी प्रशोधन गर्न सकिने छ। आयोजना सञ्चालनमा आएपछि धनकुटा नगरपालिका-३, ४ र ६ का करिब एक हजार १०० परिवार प्रत्यक्ष लाभान्वित हुने सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन कार्यालयका प्रमुख हेराकाजी महर्जनले जानकारी दिनुभयो । उहाँको अनुसार दुवै प्रशोधन प्रणालीको निर्माणकार्य अन्तिम चरणमा पुगेको छ ।

"दुवै प्रशोधन प्रणालीको निर्माणकार्य अन्तिम चरणमा पुगेको छ", प्रमुख महर्जनले भन्नुभयो, "यी प्रणाली सञ्चालनमा आएपछि तीनवटा वडाका एक हजार १०० परिवारका लागि प्रशोधित खानेपानी उपलब्ध हुनेछ ।" यसअघि निर्माण गरिएका साना क्षमताका खानेपानी शुद्धीकरण प्रणाली पुराना हुँदै गएपछि नयाँ प्रशोधन पूर्वाधार निर्माण थालिएको उहाँले बताउनुभयो ।

प्रमुख महर्जनका अनुसार विशेषगरी वर्षायाममा पानी धमिलो आउने समस्यालाई समेत ध्यानमा राखेर प्रशोधन क्षमता बढाउन नयाँ प्रणाली निर्माण गरिएको हो ।

दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्म हरेक घरमा स्वच्छ खानेपानी पुऱ्याउने उद्देश्यले खानेपानीका पूर्वाधार सुधार तथा विस्तारको काम भइरहेको उहाँको भनाइ छ। धनकुटा सदरमुकाममा धनकुटा नगर खानेपानी तथा सरसफाइ उपभोक्ता समितिमार्फत खानेपानी आपूर्ति हुँदै आएको छ। समितिले बजार क्षेत्रका करिब चार हजार उपभोक्तालाई खानेपानी वितरण गर्दै आएको छ ।

नयाँ प्रशोधन प्रणाली सञ्चालनमा आएपछि धनकुटा बजारको खानेपानी शुद्धीकरण क्षमता बढ्नुका साथै वर्षायाममा धमिलो पानी आउने समस्यासमेत न्यूनीकरण हुने खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका सचिव अर्जुन छाराहाडले सो अवसर मा बताउनुभयो ।

स्थानीय बासिन्दाले स्वच्छ र सुरक्षित खानेपानी उपभोग गर्न पाउने विश्वास गरिएको उहाँको भनाइ छ ।

विपद् प्रभावित क्षेत्रको अध्ययन तथा अनुगमनमा संसदीय विशेष समिति

म्याग्दी । राष्ट्रियसभाअन्तर्गतको भोटेकोशी एवं कालीगण्डकी करिडोर विपद्सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले म्याग्दी र पर्वतका विपद् प्रभावित क्षेत्रको स्थलगत अध्ययन तथा अनुगमन गरेको छ ।

सो क्रममा समितिका सभापति कृष्णप्रसाद पौडेलको नेतृत्वमा रहेको टोलीले म्याग्दीको बेनी नगरपालिका-४ सिङ्गा र पर्वतको जलजला गाउँपालिका-८ फर्सेलगायत प्रभावित क्षेत्रको अनुगमन गर्नुका साथै स्थानीय जनप्रतिनिधि र सरोकारवालासँग छलफल गरेको हो । समितिका सभापति पौडेलले विपद् प्रभावित क्षेत्रको स्थलगत अध्ययन तथा स्थानीय तहका जनप्रतिनिधि र नागरिकसँगको छलफलबाट क्षतिको विवरण तथा प्रभावितका समस्या सङ्कलन गरिएको बताउनुभयो । गत मनसुनमा कालीगण्डकी र यसका सहायक नदीमा आएको बाढीले पुर्याएको क्षतिको अवस्था बुझ्न अनुगमन गरिएको उहाँले जानकारी दिनुभयो । विपद्पछिको पुनःस्थापना र पुनर्निर्माणका लागि स्पष्ट मार्गचित्र तयार गरी सरकारलाई सुझाव दिन समिति गठन गरिएको हो ।

उक्त अनुगमनका क्रममा स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दल र सरोकारवालाले विपद् व्यवस्थापनसम्बन्धी कार्यविधि संशोधन गरी व्यावहारिक बनाउन, घरबारविहीनको जग्गा व्यवस्थापन गर्न तथा भूगर्भविद्को अध्ययन प्रतिवेदन कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराएका थिए ।

समितिलाई म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश गैरेले विपद्बाट भएको क्षति, राहत तथा व्यवस्थापनका लागि हालसम्म भएका काम र भावी योजनाबारे जानकारी गराउनुभएको थियो ।

राष्ट्रिय सभाले विपद् प्रभावितको पुनःस्थापना, भौतिक संरचनाको पुनर्निर्माण, जोखिम न्यूनीकरण तथा जलवायु न्यायका लागि आवश्यक मार्गचित्र सिफारिस गर्न समिति गठन गरेको हो । समितिले विपद्सम्बन्धी अध्ययन, अनुसन्धान तथा अनुगमन गरी राष्ट्रियसभामा प्रतिवेदन पेस गर्ने सभापति पौडेलले बताउनुभयो ।

सम्पादकीय ....

हरिबोधिनी एकादशीको धार्मिक तथा सांस्कृतिक महत्व

नेपाली समाजमा मनाइने विभिन्न धार्मिक तथा सांस्कृतिक पर्वहरूमध्ये हरिबोधिनी एकादशीको विशेष महत्व रहेको छ। प्रत्येक वर्ष कार्तिक शुक्ल पक्षको एकादशीका दिन मनाइने यस पर्वलाई ठूलो एकादशी तथा तुलसी विवाहका रूपमा समेत चिनिन्छ । यस दिन भगवान् विष्णुको पूजा-आराधना गरी व्रत बस्ने, तुलसीको विवाह गराउने र धार्मिक कार्यमा सहभागी हुने परम्परा रहिआएको छ ।

धार्मिक मान्यताअनुसार आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिन भगवान् विष्णु क्षीरसागरमा शयन गर्न जाने र कार्तिक शुक्ल एकादशीका दिन जागा हुने विश्वास गरिन्छ । भगवान् विष्णु जागा हुने दिन भएकाले यसलाई हरिबोधिनी एकादशी भनिएको हो । यस दिनदेखि चतुर्मास समाप्त भई विवाह, व्रतबन्धलगायतका शुभकार्य पुनः सुरु गर्ने धार्मिक मान्यता पनि रहेको छ ।

हरिबोधिनी एकादशीका दिन तुलसी र भगवान् विष्णुको प्रतीक शालिग्रामको विवाह गराउने प्रचलन छ । हिन्दू धर्ममा तुलसीलाई पवित्र वनस्पति मानिन्छ । तुलसीको पूजा गर्दा घरपरिवारमा सुख, शान्ति र समृद्धि प्राप्त हुने धार्मिक विश्वास छ । यस दिन घरघरमा तुलसीको मठ सजाउने, दीप प्रज्वलन गर्ने, भजनकीर्तन गर्ने र पूजाआजा गर्ने गरिन्छ ।

यस पर्वको अवसरमा देशका विभिन्न धार्मिक स्थलमा भक्तजनको ठूलो भीड लाग्ने गर्दछ । विशेषगरी काठमाडौंको बूढानीलकण्ठ, चाँगुनारायणलगायतका विष्णु मन्दिर तथा अन्य धार्मिक स्थलमा भक्तजनहरू पूजा, दर्शन र स्नान गर्न पुग्ने गर्दछन् । कतिपय स्थानमा मेला तथा धार्मिक कार्यक्रमसमेत आयोजना गरिन्छन् ।

हरिबोधिनी एकादशी धार्मिक आस्थासँग मात्र सम्बन्धित पर्व होइन, यसले सामाजिक तथा सांस्कृतिक एकता कायम गर्न पनि सहयोग पुऱ्याएको छ । परिवारका सदस्य, छरछिमेकी तथा आफन्तहरू एकै ठाउँमा भेला भई पूजाआजा र धार्मिक गतिविधिमा सहभागी हुँदा आपसी सम्बन्ध अझ बलियो बन्ने गर्दछ। यसले नयाँ पुस्तालाई आफ्नो धर्म, संस्कृति र परम्पराबारे जानकारी गराउने अवसरसमेत प्रदान गर्दछ ।

पछिल्लो समय आधुनिक जीवनशैली र व्यस्तताका कारण कतिपय परम्परागत संस्कार तथा संस्कृतिहरू ओझेलमा पर्दै गएका छन् । यस्तो अवस्थामा हरिबोधिनी एकादशीजस्ता पर्वको संरक्षण र प्रवर्द्धन गर्नु सबैको दायित्व हो । तर पर्व मनाउने नाममा अनावश्यक खर्च, देखासिकी र तडकभडकभन्दा पनि यसको वास्तविक धार्मिक तथा सांस्कृतिक महत्व बुझ्न आवश्यक छ। यस पर्वले मानिसलाई संयम, शुद्धता, सकारात्मक सोच र प्रकृतिप्रतिको सम्मानको सन्देशसमेत दिन्छ। तुलसीजस्ता उपयोगी वनस्पतिको संरक्षण र वातावरण स्वच्छ राख्ने कार्यलाई पनि यस पर्वसँग जोडेर अघि बढाउन सकिन्छ । हरिबोधिनी एकादशी नेपाली समाजको धार्मिक आस्था, सांस्कृतिक पहिचान र सामाजिक सद्भावसँग जोडिएको महत्त्वपूर्ण पर्व हो । यसको मौलिकता जोगाउँदै नयाँ पुस्तामा धार्मिक तथा सांस्कृतिक चेतना फैलाउन सके मात्र यस्ता पर्वको वास्तविक महत्व आगामी पुस्तासम्म हस्तान्तरण गर्न सकिनेछ ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

पर्यटनको नयाँ ब्राण्ड बन्दै बाँके निकुञ्ज

भेषराज बस्नेत

सहरदेखि नजिकै वन्यजन्तु दृश्यावलोकन, जङ्गल सफारी र प्रकृतिको अनुपम सङ्गमले बाँके राष्ट्रिय निकुञ्ज आन्तरिक तथा बाह्य पर्यटनको लागि नयाँ 'ब्राण्ड' बन्दै गएको छ । नेपालगञ्जबाट आधा घण्टाको यात्रामै पुग्न सकिने बाँके राष्ट्रिय निकुञ्ज प्रकृतिसँग साक्षात्कार गर्ने, वन्यजन्तुलाई नजिकबाट नियाल्ने र जङ्गलको मौनताभित्र रोमाञ्चक अनुभव बटुल्ने गन्तव्य बनेको छ । वर्षायाम सकिएसँगै सुरु भएको हिउँदको यो खुला मौसम, चिसो हावा र हरियालीको सुवाससँगै सुरु भएको जङ्गल सफारीले बाँकेमा पर्यटनको नयाँ सम्भावना र ऊर्जा थपिदिएको छ ।

नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष चिरञ्जीवी ओलीले पश्चिम नेपालमा पर्यटन प्रवर्द्धनको लागि बाँके राष्ट्रिय निकुञ्ज नयाँ ब्राण्ड बनेको बताउनुभयो । टाढाका पर्यटकीय गन्तव्यको चर्चा गर्दा आफ्नै नजिकको सम्भावनालाई बिर्सने हाम्रो प्रवृत्तिलाई बदलेर अब बाँके निकुञ्जमै पर्यटन प्रवर्द्धन गर्न आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो । "घुम्नका लागि सधैँ टाढा पुग्नुपर्दैन । कहिलेकाहीं आफ्नै वरिपरि लुकेका प्रकृतिको संसार चिन्न र त्यसलाई अरु माझ चिनाउनु नै पर्यटन विकासको पहिलो पाइला हुन्छ," अध्यक्ष ओलीले भन्नुभयो, "वर्षायाममा रोकिएको जङ्गल सफारी पुनः सुरु भएसँगै बाँके राष्ट्रिय निकुञ्जमा हिउँदे पर्यटनको चहलपहल सुरु भएको छ । हिउँदमा जङ्गलको दृश्य, वन्यजन्तुको गतिविधि नियाल्ने अवसर र खुला मौसमले सफारीलाई फरक अनुभव दिन सक्छ ।"

उहाँका अनुसार जीपमा बसेर जङ्गलका घुमाउरा बाटा पार गर्दै वन्यजन्तुको खोजी गर्नु, चराचुरुङ्गीको आवाज सुन्नु, प्राकृतिक वनस्पति नियाल्नु र जङ्गलको विशालतालाई महसुस गर्नु आफैँमा एउटा विशेष अनुभव हो । समयले साथ दिए बाघ, हात्ती, चित्तल, नीलगाई वा अन्य वन्यजन्तुको झलक देख्न पाउनु यात्राको अविस्मरणीय क्षण बन्न सक्छ। जङ्गल सफारीको वास्तविक आनन्द, प्रकृतिको वातावरणमा रमाउनु र वन्यजन्तुलाई उनीहरुको प्राकृतिक बासस्थानमै सम्मानपूर्वक अवलोकन गर्नुमा छ। हिउँदे मौसममा परिवार, साथीभाइ, विद्यार्थी समूह, प्रकृति प्रेमी र फोटोग्राफीमा रुचि राख्नेहरुका लागि यो आकर्षक गन्तव्य बन्न सक्छ । सीमित समय र बजेटमा छोटो यात्रा गर्न चाहनेहरुका लागि पनि नेपालगञ्ज आसपासको यो प्राकृतिक सम्पदा राम्रो विकल्प रहेको उहाँको भनाइ छ ।

पर्यटनको ब्राण्ड

बाँके राष्ट्रिय निकुञ्जको महत्व वन्यजन्तु संरक्षणमा मात्र सीमित छैन । यसले बाँके जिल्लाको पर्यटन पहिचान विस्तार गर्ने, स्थानीय अर्थतन्त्रमा नयाँ गतिविधि थप्ने र नेपालगञ्जलाई पश्चिम नेपालको पर्यटन प्रवेशद्वारका रुपमा स्थापित गर्ने सम्भावना बोकेको होटल व्यवसायी सङ्घ बाँकेका अध्यक्ष भीमलाल कँडेलले सो क्रममा बताउनुभयो । "कुनै गन्तव्य आफैँ चर्चित हुँदैन । त्यसका लागि निरन्तर प्रचार, सहज पहुँच, गुणस्तरीय सेवा, स्पष्ट पर्यटकीय प्याकेज र पर्यटकले अनुभव सुनाउने वातावरण चाहिन्छ," उहाँले भन्नुभयो, "पर्यटन विकासमा निजी क्षेत्रको भूमिका निर्णायक हुन सक्छ। होटल व्यवसायी, ट्राभल्स तथा टुर सञ्चालक, यातायात व्यवसायी, रेष्टुरेन्ट, स्थानीय उद्यमी, सञ्चार माध्यम र पर्यटनसँग सम्बन्धित सङ्गसंस्थाले यस निकुञ्जलाई साझा गन्तव्यका रुपमा प्रचार गर्न सक्छन् ।"

उहाँका अनुसार, नेपालगञ्जका होटलहरुले पाहुनलाई स्वागत गर्दा वा पर्यटनसम्बन्धी जानकारी दिँदा निकुञ्ज सफारीको विकल्प प्रस्तुत गर्न थालेका छन् । होटलमा बस्ने पर्यटकलाई एकदिने जङ्गल सफारी, स्थानीय खानपान र आसपासका गन्तव्य समेटिएको प्याकेज उपलब्ध गराउन सकिन्छ । निजी क्षेत्रले प्रचारमा लगानी गर्दा त्यसको लाभ एउटै व्यवसायमा सीमित हुँदैन । पर्यटकको आवागमन बढेमा होटल, यातायात, खानपान, गाइड सेवा, स्थानीय उत्पादन र साना उद्यम सम्म आर्थिक गतिविधि फैलिन सक्छ । त्यसैले निकुञ्चको ब्राण्डिङलाई बाँकेको साझा आर्थिक अभियानका रुपमा बुझ्नुपर्ने उहाँको सुझाव छ ।

पर्यटन प्रवर्द्धन गर्दै तारे होटल

बाँके राष्ट्रिय निकुञ्जमा पर्यटन प्रवर्द्धनको लागि यहाँका तारे होटल पनि सक्रिय छन् । निकुञ्जमा पाँचवटै जङ्गल सफारी रुट सञ्चालनमा आएसँगै जिल्लाको पर्यटन प्रवर्द्धन र पर्यटक आकर्षणका लागि बाँकेका तारे होटल व्यवसायी ले आन्तरिक तथा बाह्य पर्यटक, विशेषगरी भारतीय पर्यटकलाई लक्षित गर्दै नेपालगञ्ज र कोहलपुर स्थित तारे होटलहरूले विशेष 'सफारी प्याकेज' तयार पार्ने तयारी तीव्र बनाएका छन् ।

बाँके राष्ट्रिय निकुञ्जलाई प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने तथा जिल्लामा पर्यटकको आगमन र बसाइ अवधि बढाउने उद्देश्यले होटल व्यवसायीले निकुञ्ज प्रशासन र स्थानीय होमस्टेसँगको सहकार्यमा एकीकृत पर्यटन प्याकेज निर्माणको पहल थालेको नेपाल पर्यटन बोर्ड, नेपालगञ्जका अध्यक्ष डिल्ली रेग्मीले बताउनुभयो । बाँके राष्ट्रिय निकुञ्जमा पर्याप्त पर्यटकीय सम्भावनालाई प्रभावकारी रूपमा स्थापित गर्न होटल व्यवसायीलाई नै योजनाको केन्द्रमा राखेर पर्यटक आकर्षित गर्ने रणनीति अघि बढाइएको उहाँले बताउनुभयो । रेग्मीका अनुसार, निकुञ्जको पर्यटन प्रवर्द्धनलाई होटल व्यवसायसँग जोड्दै पर्यटकका लागि सहज, आकर्षक र व्यवस्थित प्याकेज निर्माण गर्न बाँकेका तारे होटल सञ्चालकलाई सहभागी गराएर उनीहरूकै अनुभव, लगानी र व्यावसायिक क्षमताको उपयोग गर्दै सफारी प्याकेजको योजना बनाउने काम भइरहेको छ । प्रस्तावित प्याकेजमा होटलदेखि निकुञ्ज सम्मको यातायात व्यवस्था, अनुभवी पथप्रदर्शक (गाइड), निकुञ्ज प्रवेश शुल्क, जिप सफारी तथा स्थानीय परिकारको स्वाद लगायतका सेवा समेटिनेछन् । यसले पर्यटकलाई एउटै प्याकेज मार्फत सम्पूर्ण सेवा उपलब्ध गराउनुका साथै स्थानीय समुदाय, होमस्टे र होटल व्यवसायलाई समेत प्रत्यक्ष लाभ पुऱ्याउने अपेक्षा गरिएको छ ।

जङ्गल सफारीसँगै पर्यटन चहपहल

वर्षायाममा रोकिएको जङ्गल सफारी पुनःसुरु भएसँगै बाँके राष्ट्रिय निकुञ्जमा हिउँदे पर्यटनको चहलपहल सुरु भएको छ। मनसुन सकिएसँगै हरियालीले सजिएको निकुञ्जका कच्ची बाटाहरू मर्मत गरी पर्यटकका लागि जङ्गल सफारी पुनःखुला गरिएको गाभर भ्याली सामुदायिक होमस्टे (घरवास)का अध्यक्ष कृष्ण चौधरीले बताउनुभयो । उहाँका अनुसार, नेपालको सबैभन्दा कान्छो राष्ट्रिय निकुञ्जका रूपमा चिनिने बाँके राष्ट्रिय निकुञ्ज जैविक विविधतले भरिपूर्ण छ। यहाँ पाइने दुर्लभ र संरक्षित वन्यजन्तु 'चौसिङ्गा' (चारवटा सिङ भएको मृग) यस निकुञ्जको मुख्य पहिचान हो । चौसिङ्गासँगै पाटेबाघ, हात्ती, गैँडा, चितुवा, र विभिन्न प्रजातिका चराचुरुङ्गीहरूको अवलोकन गर्न पाउँदा यहाँ पुग्ने जो कोही रोमाञ्चित हुन्छन् ।

यसपटक पर्यटकलाई आकर्षित गर्न निकुञ्ज र स्थानीय पर्यटन व्यवसायीले विशेष छुटसहित मात्र रु एक हजारको नयाँ प्याकेजसमेत सार्वजनिक गरेका छन्, जसले आन्तरिक तथा बाह्य पर्यटकलाई लोभ्याउन थालेको छ । यो प्याकेजले मध्यमवर्गीय र युवा पर्यटकलाई निकै आकर्षित गरेको छ । यस प्याकेजले कम खर्चमै जङ्गल सफारी र वन्यजन्तु अवलोकनको अनुभव दिलाउने चौधरीले बताउनु भयो । "वर्षातपछि जङ्गलको रूप नै फेरिएको छ । चारैतिर हरियाली र ताजा हावा छ, "गाभर भ्यालीका अध्यक्ष चौधरीले भन्नुभयो, "जङ्गल सफारी पुनः सुरु भएसँगै पर्यटकको आगमन बढ्न थालेको छ । हामी उहाँहरूलाई स्थानीय परिकार र संस्कृतिले स्वागत गर्न आतुर छौं ।"

बाँके राष्ट्रिय निकुञ्जप्रति पर्यटकको आकर्षण बढ्न थालेको छ । निकुञ्जका प्रमुख वार्डेन वीरेन्द्रप्रसाद कँडेलका अनुसार, आर्थिक वर्ष २०८२/८३ मा निकुञ्चमा एक हजार ४६६ पर्यटक पुगेका थिए । अघिल्लो आर्थिक वर्ष यो सङ्ख्या ६२० र २०८०/८१ मा ४४४ थियो । बाँके राष्ट्रिय निकुञ्जमा पर्यटन प्रवर्द्धनको लागि निजी क्षेत्रसँग समन्वय गरेर योजनाका साथ अगाडि बढेको निकुञ्जका प्रमुख वार्डेन कँडेलले बताउनुभयो ।

बाघको सङ्ख्या दोब्बर बढ्यो

बाँके राष्ट्रिय निकुञ्जमा बाघको सङ्ख्या ५१ पुगेको छ। राष्ट्रिय बाघ सर्वेक्षण २०८२ को नतिजा अनुसार बाघको सङ्ख्या २५ बाट बढेर अहिले ५१ पुगेको हो । सो निकुञ्जमा सन् २०२२ मा २५ बाघ रहेका थिए । निकुञ्जका प्रमुख संरक्षण अधिकृत कँडेलका अनुसार निकुञ्जमा सबैभन्दा पहिले २०१३ सालमा बाघको सङ्ख्या चार रहेकामा २०१८ सालमा बढेर २१ पुगेको थियो ।

नेपाल सरकारले बाघ संरक्षणका लागि अन्तरराष्ट्रिय समुदायसँग गरेको प्रतिबद्धताअनुरूप बाघको वासस्थान र जैविक मार्ग संरक्षण गर्ने उद्देश्यले २०६७ असार २८ गते बाँके, दाङ र सल्यान जिल्लाको ५५० वर्ग किमि क्षेत्र समेटी नेपालको दशौँ राष्ट्रिय निकुञ्जको रूपमा बाँके राष्ट्रिय निकुञ्जको स्थापना भएको थियो । निकुञ्जको पूर्वी सिमाना शिवखोला, पश्चिम कोहलपुर सुर्खेत राजमार्ग, उत्तर चुरे पर्वत र दक्षिण पूर्वपश्चिम राजमार्ग रहेको छ । यस निकुञ्ज पाटेबाघ र हात्तीको महत्वपूर्ण वासस्थानको रूपमा रहेको छ ।

बाल अधिकारको रक्षा गरौं

- उचित वातावरण, पोषण, शिक्षा, खेल, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो,
- शोषण, दुर्व्यवहार र बालश्रमबाट बाल- बालिकालाई बचाऔं,
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं।



नेपाल सरकार,
विज्ञापन बोर्ड

लुम्बिनी उपाधि जोगाउने, सुदूरपश्चिम इतिहास रच्ने दाउमा

काठमाडौँ । नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करणको उपाधिका लागि साविक विजेता लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्सबीच शनिबार (आज) प्रतिस्पर्धा हुँदैछ। लुम्बिनी लगातार दोस्रोपटक उपाधि जित्ने लक्ष्यमा छ भने लगातार तेस्रोपटक फाइनल पुगेको सुदूरपश्चिम पहिलो उपाधिको खोजीमा छ।

सो क्रममा कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट मैदानमा हुने फाइनलअघि शुक्रबार आयोजित पत्रकार सम्मेलनमा दुवै टोलीका कप्तानले उपाधि जित्ने आत्म-विश्वास व्यक्त गर्नुभयो ।

लुम्बिनीका कप्तान रोहित पौडेलले पर्याप्त विश्राम र अभ्यासपछि टोली फाइनलका लागि तयार रहेको बताउनुभयो । उहाँका अनुसार टोलीले तीन दिनको विश्राममध्ये दुई दिन आराम र एक दिन अभ्यासमा बिताएको थियो ।

लिग चरणमा शीर्ष स्थान हासिल गर्दै प्लेअफमा पुगेको र जितको लय कायम राखेको भए पनि फाइनलमा त्यसले मात्र नतिजा निर्धारण नगर्ने पौडेलले बताउनुभयो। क्रिकेट सामूहिक प्रदर्शनमा निर्भर रहने खेल भएकाले उपाधि जित्न मैदानमा उत्कृष्ट प्रदर्शन गर्नुपर्ने उहाँको भनाइ थियो । एनपिएलमा सुदूरपश्चिमविरुद्ध पछिल्ला तीन खेल जितेको भए पनि उसलाई कमजोर आँक्न नहुने पौडेलले बताउनुभयो। सुदूरपश्चिम बलियो प्रतिद्वन्द्वी भएकाले फाइनलमा उत्कृष्ट खेल प्रदर्शन गर्नुपर्ने उहाँको भनाइ थियो ।

लगातार दोस्रोपटक कप्तानका रूपमा उपाधि जित्ने अवसरलाई व्यक्तिगत उपलब्धिभन्दा पनि टोलीको सफलताका रूपमा लिएको उहाँले बताउनुभयो । फाइनलसम्म आइपुग्न सबै खेलाडीले मिहिनेत गरेकाले उपाधि जित्नु टोलीका लागि महत्त्वपूर्ण रहेको उहाँको भनाइ थियो ।

सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरीले पहिलो क्वालि-फायरमा लुम्बिनीसँग व्यहोरेको हारको बदला लिँदै उपाधि जित्ने लक्ष्य रहेको बताउनुभयो । उहाँले लुम्बिनीको बलियो बलिङ आक्रमण लाई फाइनलको मुख्य चुनौतीका रूपमा लिएको उल्लेख गर्नुभयो ।

फाइनलका लागि टोलीको तयारी राम्रो भइरहेको बताउँदै ऐरीले लुम्बिनीको बलिङ सामना गर्ने रणनीतिमा विशेष ध्यान दिइएको जानकारी दिनुभयो । जारी प्रतियोगितामा विदेशी खेलाडी आउने र जाने क्रमले टोलीको संयोजनमा परिवर्तन गर्नुपरेको उहाँले बताउनुभयो। विदेशी खेलाडी बाहिरिँदा नयाँ खेलाडी भित्र्याउनुपर्ने अवस्थाले ब्याटिङ क्रम व्यवस्थापन मा चुनौती थपिएको उहाँको भनाइ थियो। लगातार तेस्रोपटक फाइनल पुगेको सुदूरपश्चिम यसअघि दुवै संस्करणमा उपविजेतामा सीमित भएको थियो । यसपटक भने टोली पहिलो पटक उपाधि जित्ने लक्ष्यसहित मैदानमा उत्रनेछ ।

बाढीपीडितलाई राहत वितरण र पुनर्स्थापनाको काममा तीव्रता दिन सञ्चारमन्त्री डा तिमिल्सिनाको आग्रह

काठमाडौँ। नुवाकोट क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्य एवं सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले रसुवा भोटेकोशी बाढी प्रभावितको राहत वितरण तथा पुनःस्थापनाको काममा तीव्रता दिन आग्रह गर्नुभएको छ ।

डा तिमिल्सिनाले शुक्रबार राष्ट्रिय योजना आयोग, पूर्वाधार विकास मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सहरी विकास तथा भवन निर्माण विभागका अधिकारीहरू सँग बाढीबाट प्रभावित परिवारको विवरण सङ्कलन तथा राहत वितरणको अवस्था, राहत कोषमा जम्मा भएको रकम र हालसम्म खर्च भएको रकमबारे जानकारी लिनुभएको हो। प्रभावित नागरिकले समयमै राहत पाउने सुनिश्चिता गर्न सम्बन्धित निकायलाई सक्रियता पूर्वक काम गर्न आग्रह गर्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिना ले सरकारका तर्फबाट आवश्यक सबै सहयोग र सहजीकरण उपलब्ध गराउने प्रतिबद्धता समेत जनाउनुभयो। राहत वितरणका लागि प्रभावितको वास्तविक तथ्याङ्क सङ्कलन, स्थानीय तहसँग समन्वय तथा राहत उपलब्ध गराउने प्रक्रियामा देखिएका ढिलाइप्रति चासो व्यक्त गर्नुहुँदै उहाँले कामलाई गति दिनुपर्ने बताउनुभयो । सो छलफलमा सञ्चारमन्त्री डा तिमिल्सिनाले सरकारले राहत वितरणका लागि आवश्यक रकम तथा सहयोगको व्यवस्था गरे पनि प्रभावितको वास्तविक विवरण सङ्कलनमा ढिलाइ हुँदा राहत वितरण प्रक्रिया प्रभावित भइरहेको अवस्था औँल्याउनुभयो । राहत पाउनुपर्ने नागरिक छुट्न नदिन र वास्तविक प्रभावितको पहिचान सुनिश्चित गर्न तथ्याङ्क सङ्कलनलाई प्राथमिकताका साथ अघि बढाउन उहाँले आग्रह गर्नुभयो । सञ्चारमन्त्री डा तिमिल्सिनाले राहत तथा पुनःस्थापनाको काममा देखिएका समस्या समाधान गर्न सम्बन्धित निकायबीच थप प्रभाव-कारी समन्वय आवश्यक रहेको उल्लेख गर्नुहुँदै सरकारका तर्फबाट आवश्यक सहयोग उपलब्ध गराउन तयार रहेको बताउनुभयो । उहाँले राहत वितरणमा कुनै प्रक्रियागत वा प्रशासनिक कठिनाइ भए त्यसलाई समाधान गर्न सरकारबाट आवश्यक सहजीकरण गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । पुनर्स्थापनाका लागि विस्तृत विवरण सङ्कलन भइरहेको जानकारी गराउनुभयो । स्थानीय तहसँग समन्वय गरी सार्वजनिक गर्न सकिने बताउँदै राहत वितरण प्रक्रियालाई थप व्यवस्थित बनाउन प्रयास भइरहेको उल्लेख गर्नुभयो ।

तुलसी र दामोदरको विवाह गरी हरिबोधिनी एकादशी मनाइयो

काठमाडौँ । औषधीय गुणले युक्त तुलसीको विवाह दामोदरसँग गरी हरिबोधिनी एकादशी पर्व शुक्रबार देशभर मनाइएको छ । हरिशयनी एकादशीदेखि हरिबोधिनी एकादशी का दिनसम्म चार महिना विष्णुका भक्तले तुलसीको व्रत गरी विशेष पूजा गर्दै आएकामा शुक्रबार दामोदर सँग विवाह गरी पर्व सम्पन्न गरिएको हो ।

प्रत्येक वर्ष कार्तिक शुक्ल एकादशीका दिनमा भगवान् विष्णुको प्रतीकका रूपमा तुलसीको विशेष पूजा आराधना गरिन्छ । आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिनमा क्षीरसागरमा सुतेका विष्णु हिजैका दिन ब्युँझिने भएकाले यो एकादशीलाई हरिबोधिनी वा प्रवोधिनी एकादशी पनि भनिएको जानकारहरू बताउँछन् ।

हरिशयनी एकादशीका दिन घरघरमा रोपेर विशेष पूजा गरिएको तुलसीको मठमा गाईको गोबर र रातो माटोले पोतेर सिँगारी फूल मालाले सजाएर शुक्रबार विवाह गरिन्छ । तुलसी विष्णुप्रिया भएकाले यस दिन तुलसीको दामोदरसँग विवाह गर्ने परम्परा बसेको हो । तुलसीको मठ नजिकै विष्णुको प्रतीकका रुपमा निगालाको लिङ्ग गाडेर विधिपूर्वक पूजा गरिन्छ। कार्तिक महिनाभर सबै देवदेवी तुलसीमै निवास गर्छन् भन्ने धार्मिक विश्वास छ ।

आदिकालदेखि पूजाको परम्परा बसेको तुलसीको महिमा वैज्ञानिक रूपमा पनि लाभदायक प्रमाणित भएको छ । यसैले तुलसीको मठ हुने घरलाई तीर्थ समान मानिन्छ। तुलसीको सुगन्धले दश दिशा पवित्र हुन्छ भनिन्छ । तुलसीको पूजा गरिएको घरमा यमदूत पनि पस्दैनन् भन्ने आस्थाका कारण हिन्दू धर्मावलम्बीले घरमा तुलसीको मठ बनाउँछन् ।

तुलसीको पात, डाँठ, वा फूलको रस रुघाखोकी, औलो लगायत रोगका लागि औषधि हुन्छ। यो रस शरीरमा लगाएर सुतेमा लामखुट्टेले टोक्दैन । तुलसीको मठ भएको स्थल वरपर विषालु सर्प पनि आउँदैन । मठको वरपर वहने हावाले विषालु कीटाणुलाई नष्ट गर्दछ । शरद ऋतुभर सबै प्राणीका लागि तुलसीलाई महा औषधि मानिन्छ ।

तुलसीबाट बनेको चिया मानव शरीरमा रोग प्रतिरोधी क्षमता वृद्धि गर्न उपयुक्त मानिन्छ। कार्तिक महिनामा तुलसीको माला लगाउँदा र एक लाख तुलसीपत्र विष्णुलाई अर्पण गर्दा मनोकामना पूरा हुन्छ भन्ने विश्वास छ । गरुड पुराणमा उल्लेख भएअनुसार यस महिनामा एउटा तुलसीपत्र भगवान् विष्णुलाई अर्पण गर्दा १० हजार गाई दान गरेबराबरको फल मिल्दछ ।

यसै दिन अन्न खान नहुने भएकाले सखरखन्ड, पिँडालु र वनतरुल उसिनेर फलाहार गरिन्छ। यसरी व्रत गरेमा पापको नास भई पुण्य वृद्धि हुने र मोक्ष प्राप्ति हुन्छ भन्ने धार्मिक विश्वास छ । ठूलो एकादशी पनि भनिने एकादशी व्रतले हजार अश्वमेध यज्ञ तथा राजसूय यज्ञ गरे बराबरको फल पाइने शास्त्रीय मान्यता छ ।

कार्तिक महिनामा भगवान् विष्णुलाई भक्तिपूर्वक सम्झी गरिएको स्नान, दान, जप र होमले फल पाइने एवं सय जन्मका पापबाट मुक्ति मिल्ने प्रसङ्ग विभिन्न ग्रन्थमा वर्णन गरिएको धर्मशास्त्रविद् प्रा डा देवमणि भट्टराईले सो क्रममा बताउनुभयो। उहाँका अनुसार विष्णु क्षीरसागरमा सुतेकाले यी चार महिना विवाह ब्रतबन्धजस्ता माङ्गलिक कार्य नगरिने परम्परा छ। यस समयमा खोला, नदी नालामा बाढी पहिरो आउने र सर्पजस्ता जीवको भयका कारण यात्रा नगर्नु शुभ मानिन्छ । आजका दिन काठमाडौँ उपत्यकाका चार नारायण, भक्तपुरको चाँगुनारायण, ललितपुर को विशङ्खनारायण, काठमाडौँका शेषनारायण र इचँगुनारायण स्थानमा विशेष मेला लागेको छ । यहाँ जान नसक्नेले काठमाडौँको उत्तरमा रहेका बूढानीलकण्ठ नारायणस्थानको दर्शन गर्दा चार नारायणको दर्शन र पूजा गरे बराबरको फल पाइने विश्वास गरिन्छ । यसै विश्वासले आज बूढानीलकण्ठमा पनि लाखौँ भक्तजनको भीड लागेको थियो । आजै देशभरका नारायण मन्दिरमा विशेष पूजा गरी यो पर्व मनाइएको छ। वर्षमा एक दिन धेरै दर्शनार्थीले पूजा आराधना गर्न आउने गरेकाले दक्षिणकालीको शेषनारायण मन्दिरमा विशेष व्यवस्था गरिएको मन्दिर व्यवस्थापन समितिले जनाएको छ ।

यसैगरी सो क्रममा भक्तपुरको चाँगुनारायण र ललितपुरको विशङ्खनारायण मन्दिरमा पनि भक्तजनको भीड लागेको थियो। नारायणहिटी दरबार क्षेत्रमा रहेको चतुर्व्यूह नारायण मन्दिरमा पनि शुक्रबार बिहानैदेखि भक्तजनको लाम लागेको थियो । उपत्यकाका चार नारायण जान नसक्नेका लागि यो मन्दिरको निर्माण गरिएको मान्यता रहिआएको छ ।

प्राचीन मेडरी नाच लोप हुने अवस्थामा

नवलपुर (नवलपरासी) । थारू समुदायले प्राचीन कथामा आधारित भएर नाच्ने मेडरी (माहाभारत) नाचप्रति युवापुस्ताले चासो नदिँदा लोप हुने अवस्थामा पुगेको छ । द्वापर युगको महाभारतका मुख्यपात्र कौरव र पाँच पाण्डवको कथामा आधारित भएर नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का विभिन्न थारू समुदायले मात्र नाच्ने मेडरी नाच हराउँदै जान लागेको हो ।

जिल्लाको मध्यविन्दु-३ लेढाहाका थारू अगुवा तिलकराम थनेतले एक सय भाइ कौरव तथा पाँच पाण्डवको जन्मदेखि लिएर कुरुक्षेत्रको युद्धसम्मको कथा मेडरी नाचमा प्रस्तुत गरिने बताउनुभयो। मेडरी नाच्नु अगाडि धाँजो (बाँसका दुई वटा लिङ्गो) गाडेर पूजा गर्ने चलन रहेको उहाँले जानकारी दिनुभयो । "धाजो हाल्दा बाँसको ठूलो र सानो लिङ्गो गाडिन्छ", उहाँले भन्नुभयो, "तीमध्ये बाँसको ठूलो लिङ्गोलाई मर्दाना (पुरुष) र सानो लिङ्गोलाई जनियानी (महिला)को प्रतीकका रूपमा गाडिएको हुन्छ।"

अहिलेका थारू युवाले मेडरी नाच सिक्न नचाहँदा परम्परा पुस्तान्तरण हुन नसकी लोप हुने अवस्थामा पुगेको उहाँले गुनासो गर्नुभयो । "युवापुस्ता आधुनिक गीतसङ्गीतमा रमाउन थाले । हामी बूढाहरूले मात्रै मेडरी नाच्नुपर्ने अवस्था आयो", ७५ वर्षीय थनेतले भन्नुभयो, "यो नाच हाम्रो मौलिक संस्कृति र मूल्यमान्यता भएकाले हामीले निरन्तरता दिँदै आएका छौं। युवाले कला, संस्कृति सिकालेमा पुतान्तरण हुनुका साथै मौलिकाको संरक्षण र प्रवर्द्धन हुने थियो ।"

मेडरीमा माहाभारतको सबै कथा भनेर नाच्ने गरिएको जनाउँदै थनेतले एकै ठाउँमा सबै गीत गाउन नसकिए पनि खण्ड-खण्डमा गाउने चलन रहेको बताउनुभयो । "हामीले नाच सुरु गर्नुअगाडि भाकल गरेर सुरु गछौं। नाच्नुभन्दा अगाडि धाजो (खाँबो) गाडेर त्यसको पूजा गरेपछि मात्रै नाच सुरु गरिन्छ", उहाँले भन्नुभयो। धाजो गाडेर मेडरी नाच ननाचेमा अशुभ हुने भएकाले आफूहरू बिहान उठेर नुहाइधुहाइ गरी पूजा गरेपछि मात्रै नाच्ने गरेको उहाँको भनाइ छ। "पहिले गुरौं (थारू समुदायको पुरोहित)ले पूजा गरेपछि नबोल्ने साना बालबालिकालाई पूजा गर्ने थानमा लगेर 'यो नाच छोड्न मिल्छ कि मिल्दैन ?' भनेर सोध्दा उनीहरूमा देउता प्रवेश गरेर 'छोड्न मिल्दैन छोड्यो भने अनिष्ट हुन्छ' भनेपछि हामीले निरन्तरता दिँदै आएका छौं", थनेतले भन्नुभयो, "ज्येष्ठ पुस्ताले मौलिकतालाई निरन्तरता दिँदै यहाँसम्म ल्याएका छौं । यो प्राचीन संस्कृति अब हाम्रो पालापछि अगाडि बढ्दैन कि भन्ने चिन्ता लागेको छ।" पञ्चायती शासनको पालामा राजा महेन्द्रले यो नाच हेर्ने इच्छा जनाएपछि नवलपुरका थारूहरू पोखरा गएर राजालाई मेडरी नाच देखाएका थनेतले जानकारी दिनुभयो। "त्यसपछि राजा वीरेन्द्रको निमन्त्रणामा हामी बुटवलमा पुगेर पनि नाच देखाएका थियौं", उहाँले भन्नुभयो, "अहिलेका धेरै नेताले हाम्रो नाच देखेका छन्, यसको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरणमा सरोकार भएका निकाय र युवापुस्ता लाग्नुपर्छ।" आश्विन शुक्ल प्रतिपदादेखि कार्तिक शुक्ल एकादशीसम्म मेडरी नाच्ने गरिएको भन्दै थनेतले एकादशीको दिन पाण्डवहरूलाई सबै कुरा भनेर त्यस वर्षका लागि नाच सक्ने विधि राख्दा पछिल्ला पुस्ता यो नाचप्रति आकर्षित हुनसक्ने उहाँको भनाइ छ। "अहिलेका युवाले माहाभारको अर्थ बुझ्दैनन् । द्वापर युगमा भएको घटनाबारे चासो दिँदैनन्", गुरौंले भन्नुभयो, "पाण्डव र कौरवको जन्म, उनीहरूबीच राजकाजका लागि भएको विवाद, लडाइँसहितका सबै घटनाक्रमलाई मेडरी नाचमा प्रस्तुत गरिन्छ ।" नयाँ पुस्तालाई आफ्नो कला र संस्कृतिको संरक्षण गर्न भनिए पनि उनीहरूले वास्ता नगरेकामा उहाँले गुनासो गर्नुभयो । "हाम्रो संस्कार संस्कृति संरक्षण गर्न हामी नै अघि बढ्नुपर्छ", उहाँले भन्नुभयो, "संस्कृति हरायो भने हाम्रो अस्तित्व पनि हराउन सक्छ, यसतर्फ युवालाई जागरुक बनाउन राज्यले पनि भूमिका खेल्नुपर्छ ।"

गाउँभरिका मानिस भेला भएर माहाभारतको कथालाई गीतमार्फत गाउँदै धाजो (पूजा गरेर गाडिएको खाँबो)लाई घुमेर यो नाच नाचिने गुरौंको भनाइ छ। माहाभारत युद्धमा प्रयोग भएको अर्जुनको घोडा, तरबार, भाला, गदालगायत काठबाट बनेका सामग्री लिएर मेडरी नाच्ने प्रचलन रहेको उहाँले जानकारी दिनुभयो ।

"यो नाच हामीले कार्तिकको ठूलो एकादशीमा समापन गर्छौं", गुरौंले भन्नुभयो, "एकादशीमा नाचेपछि हामीले पञ्चपाण्डवलाई तिमीहरूको कथामा आधारित नाटक हामीले गर्यौं, आजदेखि तिमीहरूलाई हामीले यही थानमा स्थिर राख्छौं भनेर अर्को वर्षसम्मका लागि जिम्मा लगाएर बस्छौं ।" उहाँका अनुसार यस वर्षका लागि नाच आज सम्पन्न भएको छ ।

खैरो हेरोइनसहित पाँच जना पक्राउ

सुनसरी । धरानबाट १२४ ग्रामभन्दा बढी खैरो हेरोइन र विभिन्न प्रकारका लागुऔषधसहित पाँच जना पक्राउ परेका छन् । धरान उपमहानगर पालिका-१४ हात्तीसारपथस्थित एक घरमा डेरा गरी बस्ने पाँच जनालाई आज पक्राउ गरेको हो ।

धरानका प्रमुख प्रहरी नायब उपरीक्षक भीषणबाबु राईका अनुसार विशेष सूचनाका आधारमा गरिएको जाँचमा उनीहरूको कोठाबाट १२४ ग्राम ४७ मिलिग्राम खैरो हेरोइन (ब्राउन सुगर), नाइट्राजेपामका ४४५ ट्याब्लेट, स्पासपेनका ६५ ट्याब्लेट र ट्रामोलका १५ क्याप्सुल बरामद गरिएको छ। पक्राउ पर्नेमा धरान-१५ गोविन्दमार्गका २५ वर्षीय सौरभ जिमी, धरान-२० का २२ वर्षीय सुगम राई, धरान-१४ का २१ वर्षीय अविजित निरौला, धरान-१३ का २५ वर्षीय आशिष राई र मोरङको लेटाङ नगरपालिका-१ का २६ वर्षीय हरि लिम्बू रहेका छन् ।

नेपाल टेलिकमलाई सञ्चारमन्त्रीको प्रश्नः

टावर छ, नेटवर्क छैन, किन ?

काठमाडौँ । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले नेपाल टेलिकमको सेवाको गुणस्तरमा सुधार हुन नसकेको गुनासो निरन्तर आइरहेको उल्लेख गर्दै समस्या पहिचान गरी समाधान गर्न निर्देशन दिनुभएको छ ।

दुर्गमबाट मात्र नभई सहरी क्षेत्रबाट समेत नेपाल टेलिकमको टेलिफोन तथा इन्टरनेट सेवामा समस्या रहेको गुनासो आउने गरेको उल्लेख गर्दै सञ्चारमन्त्री डा तिमिल्सिनाले त्यसको कारण पहिचान गरी समाधानमा केन्द्रित हुन शुक्रबार टेलिकमलाई निर्देशन दिनुभयो ।

नेटवर्कको गुणस्तरमा समस्या किन भइरहेको छ भन्ने स्पष्ट पहिचान गरी त्यसको समाधान गर्नुपर्ने उहाँले बताउनुभयो । सबै टावरले पूर्ण क्षमतामा काम गरिरहेका छन् वा छैनन् भन्ने विषय पनि महत्त्वपूर्ण रहेको उल्लेख गर्दै मन्त्री तिमिल्सिनाले कुन टावरले कति ट्राफिक धान्न सक्छन् भन्ने स्पष्ट तथ्याङ्क उपलब्ध गराउन निर्देशन दिनुभयो ।

टेलिकमको सेवा प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्थापन गर्न सरकार तयार रहेको उल्लेख गर्दै उहाँले कुनै पनि बहानामा सेवाको गुणस्तर कमजोर हुने अवस्था स्वीकार्य नहुने बताउनुभयो । नेपाल टेलिकमको सेवा गुणस्तर सुधार गर्न, टावरको क्षमता बढाउन तथा आवश्यक पूर्वाधार विस्तार गर्न ग्रामीण दूरसञ्चार विकास कोष (आरटीडिएफ)को रकमसमेत उपयोग गरेर काम अघि बढाउनुपर्ने उहाँको भनाइ छ । देशका विभिन्न स्थानमा टावर भए पनि नेटवर्क नचल्ने वा कमजोर हुने गुनासो आइरहेको भन्दै सञ्चारमन्त्री डा तिमिल्सिनाले सेवाको गुणस्तर सुधारमा विशेष ध्यान दिन निर्देशन दिनुभयो । यसैबीच, नेपाल टेलिकमका देशभरमा पाँच हजार टावर रहेकामा आज करिब ५० वटाको सेवा प्रभावित भएको टेलिकमले जनाएको छ । सेवा गुणस्तर सुधार तथा पहुँच विस्तारका लागि एक हजार ६०० नयाँ टावर थप गर्नेगरी बोलपत्र आह्वानको प्रक्रिया अघि बढाइएको छ ।

नयाँ टावर थप्दैमा सेवा गुणस्तर सुधार हुने सुनिश्चितता नहुने भन्दै सञ्चारमन्त्री डा तिमिल्सिनाले पूर्वाधार विस्तारसँगै विद्यमान टावरको क्षमता र सञ्चालन अवस्था पनि सुधार गर्नुपर्नेमा जोड दिनुभयो ।

गत वर्षमात्रै देशभरका विभिन्न टावरमा दुई हजार ८०० नयाँ ब्याट्री थप गरिएको र विद्युत् आपूर्ति अवरुद्ध हुँदा पनि नेटवर्क सञ्चालनमा समस्या नहुने व्यवस्था गरिएको टेलिकमले जनाएको छ । विद्युत् आपूर्ति अवरुद्ध हुँदा टेलिकमका टावरले सहरी क्षेत्रमा चारदेखि छ घण्टासम्म र दुर्गम क्षेत्रमा आठदेखि १० घण्टासम्म सेवा सञ्चालन गर्न सक्ने जनाइएको छ । विद्युत् अवरुद्ध भएका बेला डाटा नचल्ने समस्या रहेको गुनासो मन्त्रालयमा आउने गरेको छ । यस विषयमा पनि सञ्चारमन्त्री डा तिमिल्सिनाले सेवा प्रदायकको वास्तविक अवस्था स्पष्ट पार्न र समस्या समाधान गर्न निर्देशन दिनुभएको हो । "टेलिकमले सबैतिर गुणस्तर ठिक छ भनिरहेको छ । तर, नेटवर्कमा समस्या रहेको भन्दै देशभरबाट मन्त्रालयमा गुनासो आउने गरेका छन् । तपाईंहरूको कमजोरी के हो ?, सुधारका उपाय शीघ्र खेज्नुहोस् । के-कति सुधार गर्नुपर्ने छ सो काम गरेर उत्कृष्ट सेवा प्रवाह गर्नुपर्ने जरुरी छ", उहाँले भन्नुभयो । नेपाल टेलिकमका देशभरका टावरको अवस्थाबारे विस्तृत प्राविधिक अध्ययन गरी त्यसको प्रतिवेदन मन्त्रालयमा बुझाउन पनि मन्त्री डा तिमिल्सिनाले निर्देशन दिनुभयो ।

जवाफमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक सङ्गीता पहाडी (अर्याल)ले सेवाको गुणस्तर सुधार गर्न टेलिकम प्रतिबद्ध रहेको बताउनुभयो । पुराना टावरमा सेवाको गुणस्तर बढाउने र नयाँ टावर थप्ने काममार्फत टेलिकमको पहुँच तथा गुणस्तर सुधारका प्रयास भइरहेको उहाँको भनाइ छ ।

उहाँले टेलिकमका टावरहरूको सेवा गुणस्तर परीक्षण नियमित रूपमा भइरहेको पनि बताउनुभयो । विद्युत् आपूर्ति अवरुद्ध हुँदा नेटवर्कमा समस्या बढी हुने गरेको र त्यसबाट टेलिफोन टावरको सेवा प्रभावित हुने गरेको टेलिकमले जनाएको छ ।

प्रहरी कर्मचारीका गुनासा सुन्न केन्द्रीय डेस्क स्थापना

काठमाडौँ । नेपाल प्रहरीका प्रहरी महानिरीक्षक (आइजीपी) डा मनोजकुमार केसीले प्रहरी कर्मचारी का गुनासा तथा पीरमर्का प्रत्यक्ष रूपमा सुन्न र सम्बोधन गर्न स्थापना गरिएको केन्द्रीय गुनासो व्यवस्थापन डेस्कको उद्घाटन गर्नुभएको छ ।

प्रहरी प्रधान कार्यालयमा शुक्रबार आयोजित कार्यक्रममा आइजीपी केसीले डेस्कको औपचारिक उद्घाटन गर्नुभएको हो । उहाँले नेपाल प्रहरीको सियुजी सेवामा आबद्ध प्रहरी कार्यालय सहयोगीदेखि प्रहरी वरिष्ठ हवल्दारसम्मका ५४ हजार १२२ जना कर्मचारीको मोबाइलमा एकैसाथ गुनासो दर्ताका लागि गुगल फारामको लिङ्क पठाउनुभएको थियो । साथै, एक जना प्रहरी कर्मचारीको टेलिफोनमार्फत गुनासोसमेत सुन्नुभएको थियो ।

प्रहरी सङ्गठनको आधार स्तम्भका रूपमा रहेका तल्लो तहका कर्मचारीहरूको पेशागत जीवनलाई सुरक्षित, सम्मानित, मर्यादित र न्यायपूर्ण बनाउने उद्देश्यले डेस्क स्थापना गरिएको नेपाल प्रहरीले जनाएको छ । कार्यक्षेत्रमा कर्मचारीले भोग्नुपरेका समस्या, कठिनाइ, विभेद तथा अन्य गुनासालाई सहज र प्रभावकारी रूपमा सम्बोधन गर्न डेस्कले काम गर्नेछ ।

आइजीपी केसीले आधारभूत तहका प्रहरी कर्मचारीका गुनासा विभिन्न तह पार गर्दै नेतृत्वसम्म पुग्न कठिन हुने अवस्थालाई ध्यानमा राखेर छिटो र प्रभावकारी रूपमा समस्या समाधान गर्ने उद्देश्यले डेस्क स्थापना गरिएको बताउनुभयो ।

उहाँले आधारभूत तहका प्रहरी कर्मचारी सङ्गठनको महत्त्वपूर्ण स्तम्भ भएको उल्लेख गर्दै सडकदेखि सीमासम्म, प्रहरी कार्यालयदेखि विपद् घटनास्थलसम्म नागरिकले प्रत्यक्ष रूपमा देख्ने र महसुस गर्ने प्रहरीको वास्तविक अनुहार उनीहरू नै भएको बताउनुभयो ।

आधारभूत तहका कर्मचारी सन्तुष्ट नभएसम्म नागरिकले गुणस्तरीय र प्रभावकारी प्रहरी सेवा प्राप्त गर्न कठिन हुने उहाँको भनाइ थियो । प्रहरी कर्मचारीका गुनासाको प्रभावकारी सम्बोधन समग्र सङ्गठनको कार्यसम्पादनसँग जोडिएको उल्लेख गर्दै आइजीपी केसीले यो डेस्क गुनासो दर्ता गर्ने स्थान मात्र नभई नेतृत्व तह र आधारभूत तहका कर्मचारीबीच विश्वासको सेतुका रूपमा स्थापित हुनुपर्ने बताउनुभयो । उहाँले गुनासोकर्ताको गोपनीयतालाई विशेष प्राथमिकता दिँदै प्रत्येक गुनासालाई गम्भीरतापूर्वक लिन र निष्पक्ष रूपमा सम्बोधन गर्न डेस्कमा खटिएका कर्मचारीलाई निर्देशनसमेत दिनुभयो । नेपाल प्रहरीको कूल जनशक्तिमध्ये ८२ प्रतिशतभन्दा बढी आधारभूत तहका कर्मचारी रहेको तथ्यलाई मध्यनजर गर्दै प्रहरी नियमावली, २०७१ को नियम १९६ बमोजिम कार्यादेश जारी गरी डेस्क स्थापना गरिएको हो । डेस्क स्थापनाको मुख्य उद्देश्य आधारभूत तहका प्रहरी कर्मचारीलाई आफ्ना जायज गुनासा स्वस्फूर्त रूपमा राख्न सक्ने वातावरण निर्माण गर्नु, सहज, पहुँचयोग्य, गोप्य र निष्पक्ष गुनासो व्यवस्थापन प्रणाली विकास गर्नु तथा प्राप्त गुनासाको प्रमाणमा आधारित शीघ्र सम्बोधन गर्नु रहेको छ ।

गुनासो सम्बोधन गर्ने संयन्त्रलाई प्रभावकारी बनाउने, सुपरिवेक्षक तथा जिम्मेवार अधिकारी को जवाफदेहिता बढाउने र सङ्गठनभित्र दोहोरिरहने समस्या तथा प्रणालीगत कमजोरी पहिचान गरी नीतिगत, प्रशासनिक र कल्याणकारी सुधारका उपाय अवलम्बन गर्नु पनि डेस्कको उद्देश्य रहेको छ ।

कार्यक्रममा केन्द्रीय गुनासो व्यवस्थापन डेस्कका संयोजक प्रहरी उपरीक्षक गोविन्द पुरीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रम मा प्रहरी अतिरिक्त महा निरीक्षक, प्रहरी नायब महानिरीक्षक तथा वरिष्ठ प्रहरी अधिकृतहरूको उपस्थिति रहेको थियो । साथै, सातवटै प्रदेश प्रहरी कार्यालय, नेपाल प्रहरीका प्रदेश कार्यालय, प्रहरी शिक्षालय, तालिम केन्द्र, जिल्ला प्रहरी परिसर तथा कार्यालयलगायत विभिन्न प्रहरी एकाइका प्रमुख र प्रतिनिधिहरू भर्चुअल माध्यमबाट सहभागी भएका थिए ।

महिला जनप्रतिनिधि भन्छन्, "लैङ्गिक विभेद छ, तर पनि राजनीतिक यात्रा रोकिँदैन"

ललितपुर । मकवानपुरको मनहरि गाउँपालिकाकी उपाध्यक्ष सीता पुलामी मगरले जनप्रतिनिधि भएपछि असहजतासँगै धेरै तीता र थोरी मिठा अनुभव बटुल्नुभएको छ । महिला जनप्रतिनिधिले घरदेखि जनसमुदायमै कार्य क्षमताप्रति विश्वास दिलाउन सङ्घर्ष गर्नुपरेको उहाँले बताउनुभयो ।

"अध्यक्षलाई सबैले सम्मान गर्छन् तर उपाध्यक्षलाई हेर्दा पनि हेर्दैनन्", उहाँले भन्नुभयो, "लैङ्गिक विभेद छ, तर पनि राजनीतिक यात्रा रोकिँदैन ।" विसं २०७९ को निर्वाचनमा उहाँले तत्कालीन माओवादी पार्टीबाट उपाध्यक्ष पदमा निर्वाचन जित्नुभएको थियो । आगामी स्थानीय तहको चुनावमा उहाँ अध्यक्षका लागि तयारी गर्दै हुनुहन्छ । स्थानीय तहको जन-प्रतिनिधिको काम गर्दा सीताले लैङ्गिक विभेदका थुप्रै आयाम भोग्नुपरेको अनुभव सुनाउनुभयो ।

कार्यक्रममा बोलाउने क्रममा आयोजकले अध्यक्ष र वडाध्यक्षलाई मात्रै बोल्न दिने र एक मात्र महिला जनप्रतिनिधिको विचार सुन्न आवश्यक नठान्ने गरिएको भन्दै यस्तो परिपाटीविरुद्ध विरोध गर्दै आएको उहाँले बताउनुभयो । "जुन सुकै कार्यक्रममा उपाध्यक्ष म एक मात्रै महिला जनप्रतिनिधि हुँन्थे", उहाँले भन्नुभयो, "त्यही पनि पुरुष मात्रै बोल्थे, महिलाको आवाज कसैले सुन्नै चाहँदैनन् । धेरै पटक कार्यक्रम आयोजकसँगै विमति जनाएर हिँडेको छु ।" महिला जनप्रतिनिधिको कार्य क्षमतामाथि जनस्तरबाटै विश्वास नगरिएको तीतो अनुभव रहेको उपाध्यक्ष सीताले बताउनुभयो । यद्यपी महिला जनप्रनिधिले जनसेवा प्रदान गर्दा पुरुष जनप्रतिनिधिको तुलनामा धेरै संवेदनशील र जनमुखी हुने उहाँको विश्वास छ ।

"मेरो गाउँपालिकाका अध्यक्ष भौतिक निर्माणसँगै सामाजिक विकासमा लगानी गर्नु भनेर जोड दिने गर्छु", उहाँले भन्नुभयो, "किनकी सामाजिक स्तरमा समृद्धि आउन सके विकासको दीर्घकालीन समाधान हुन्छ भन्ने लाग्छ ।" समाजको तल्लोस्तरमा परेका महिला, दलित, बालबालिकालगायत सीमान्तकृत समुदायको जीवनस्तर उकास्ने खालका योजना ल्याउन महिला जनप्रतिनिधिको दृष्टीकोण केन्द्रित हुने उहाँको अनुभवले बताउँछ । ललितपुरमा आज बागमतीस्तरीय महिला जनप्रतिनिधिबीच अनुभव साझा र राजनीतिक चुनौतीका विषय उठान गर्दै तीन दिने कार्यशाला सम्पन्न गरिएको थियो । कार्यशालामा जनप्रतिनिधिले महिला भएकै कारण भोग्नुपरेको सङ्घर्ष, चुनौती र कार्य दक्षताका बारेमा धारणा राख्नुभएको थियो । नेपाल महिला एकता समाज, मकवानपुर महिला उत्थान समाज, चितवन सक्रिय महिला फाउण्डेशन, विकास अभियान र एक्सन एडको संयुक्त आयोजना गरेको उक्त कार्यशाला 'परिवर्तनशील राजनीतिक परिवेशमा महिला राजनीतिक नेतृत्वः अवसर, अवरोध र निर्णय प्रक्रियामा शक्ति प्राप्तिका लागि सङ्घर्ष' विषयमा केन्द्रित थियो । चितवनको माडी नगरपालिकाकी प्रमुख ताराकुमारी काजीमहतोले अहिलेसम्म पालिकाको उपप्रमुख हुँदै नगरप्रमुखसम्मको कार्य अनुभव सङ्गाल्नुभएको छ । राजनीति मा होमिनु अघि उहाँले कर्मचारी भएर जनसेवा गर्नुभएको थियो ।

कार्यालय सहयोगीदेखि वडा सचिवको प्रशासनिक जिम्मेवारी पूरा गरेपछि उहाँले स्थानीय तहको जनप्रतिनिधि हुने निर्णय गर्नुभएको थियो । बालबच्चा र परिवार सम्हाल्नुका साथै राजनीतिक जिम्मेवारी पूरा गर्न उहाँका लागि पक्कै सजिलो थिएन । तर, परिवारका सदस्यको सहयोगले उहाँ राजनीतिमा सक्रिय हुनुभयो । प्रमुख ताराकुमारीले भन्नुभयो, "राजनीतिक महिलाका लागि सजिलो विषय होइन, यद्यपी राजनीतिमा सशक्त हुनु आवश्यक छ ।" आफू जनप्रतिनिधि भएपछि समाजमा कसरी ? कुन शैलीमा काम गर्ने भन्ने तरिका सिकेको पनि उहाँले बताउनुभयो । चेपाङ, दलित, सिमान्तकृत समुदायबीच जाँदा आफूले लगाएका गहनासमेत निकालेर साधारण भेषमा पुग्ने गरेको उहाँले उल्लेख गर्नुभयो ।

नागढुङ्गा-मुग्लिन सडक दैनिक पाँच घण्टा बन्द हुने

चितवन । पृथ्वी राजमार्गको नागढुङ्गा-मुग्लिन सडकखण्डअन्तर्गत घोप्टे भीरमा लगातार सुक्खा पहिरो खस्न थालेपछि सवारी रोकेर पहिरो नियन्त्रणको काम गरिने भएको छ । पहिरोका कारण मानवीय क्षतिसमेत भएपछि सम्भावित जोखिम न्यूनीकरण गर्न सडक बन्द गरेर पहिरो हटाउने निर्णय गरिएको हो ।

जिल्ला प्रशासन कार्यालय चितवनका सहायक प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद शर्माद्वारा जारी सूचनामा यही मङ्सिर ५ गतेदेखि अर्को सूचना प्रकाशित नभएसम्म बिहान ११:०० बजेदेखि अपह्रान्न ४:०० बजेसम्म (पाँच घण्टा) सडक आवागमन बन्द गरिने जनाइएको छ । सडक बन्द गरी जोखिमयुक्त ढुङ्गा तथा माटो हटाउने काम गर्नका लागि सडक बन्द गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । उक्त समयमा सडकखण्डमा सबै प्रकृतिका सवारीसाधनको आवागमन बन्द रहने छन् । घोप्टेभीर क्षेत्रमा लगातार सुक्खा पहिरो खस्ने क्रम जारी रहेकाले सडकमा थप जोखिम हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै पहिरो व्यवस्थापनको काम अघि बढाउन सडक बन्द गरिएको हो । सडक बन्द हुने समयमा वैकल्पिक यात्रा व्यवस्थापन गर्न तथा अनावश्यक दुःखबाट बच्न सम्बन्धित सबैलाई आग्रह गरिएको छ ।

समस्या परे समन्वय तथा सहजीकरणका लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल तथा सम्बन्धित सडकखण्डका सूचना अधिकारीसँग सम्पर्क गर्नसमेत आग्रह गरिएको छ । साथै नारायणगढ तर्फबाट जाने गाडीलाई जुगेडी र आँपटारीमा, पोखरा तर्फबाट आएका गाडीलाई आँबुखैरेहनी र काठमाडौँ तर्फबाट आएका गाडीलाई रमाईलो डाँडामा रोकिने जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनले जनाएको छ ।

मधेशमा सरकार गठन अन्योलमा

जनकपुरधाम । मधेश प्रदेशमा नयाँ सरकार गठनका लागि सहमति जुट्न नसकेपछि नेपाली कांग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले प्रदेश प्रमुखसँग दाबी पेस गर्ने समयसीमा थप गर्न आग्रह गरेका छन् ।

प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मुख्य मन्त्रीमा नियुक्तिका लागि दाबी पेस गर्न दिएको समयसीमा शुक्रबार साँझ ४ बजे सकिएको छ । तर, दलहरूबीच सरकारको नेतृत्व र गठन प्रक्रियाबारे सहमति जुट्न सकेको छैन । समयसीमा सकिन लागेपछि कांग्रेस, एमाले र नेकपाका नेताहरूले प्रदेश प्रमुखसमक्ष सरकार गठनका लागि दाबी पेस गर्ने समय थप गर्न लिखित आग्रह गरेका हुन् ।

नेकपाका संसदीय दलका नेता युवराज भट्टराईका अनुसार छठपर्व तथा एमालेको राष्ट्रिय भेलालगायतका कारण दलहरूबीच पर्याप्त छलफल हुन नसकेकाले थप समय माग गरिएको हो ।

यसैबीच, मधेश प्रदेशसभाको सबैभन्दा ठूलो दल जनता समाजवादी पार्टी (जसपा) नेपालले संविधानको धारा १६८ को उपधारा (३) बमोजिम सरकार गठन गर्न प्रदेश प्रमुखसँग आग्रह गरेको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com